मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## रानी सामुदायिक वनको अवलोकन

हेटौंडा, १८ असार/चितवनस्थित अजिङ्गरे सामुदायिक वनका पदाधिकारीले हेटौंडा-६, चौघडामा रहेको रानी सामुदायिक वनको अवलोकन गरेका छन् । विभिन्न जिल्लामा रहेका सामुदायिक वन समूहले गरेको कार्यको अवलोकन गर्ने उद्देश्यले भ्रमणको आयोजना गरिएको अजिङ्गरे सामुदायिक वनका सदस्य दुर्गालाल अर्यालले बताए । कार्यक्रममा रानी सामुदायिक वनका सचिव नानीमाया रुम्बा, कार्यालय सचिव भीमसेन पौडेल र सव डिभिजन वन कार्यालय, हर्नामाडीका सहायक वनअधिकृत दीपक पुडासैनीले सहजीकरण गरेका थिए । सहभागीलाई वन व्यवस्थापन, सदुपयोग, वृक्षरोपण, संस्थागत विकास, आयआर्जन, पर्यापर्यटकीय क्षेत्रमा गरिएका क्रियाकलाप, वनडढेलो नियन्त्रण, महिला सहभागिता, सामाजिक कार्यहरु, छात्रवृति, वातावरणीय क्षेत्रमा गरिएका कामहरु लगायतका विषयमा जानकारी गराइएको थियो । समूहले निर्माण गरेको डकुमेन्ट्री, लोपोन्मुख सालकको संरक्षण लगायतका विषयमा समेत सहभागीलाई जानकारी गराइएको थियो । अजिङगरे सामुदायिक वनकी उपाध्यक्ष ठूलीमाया तामाङको नेतृत्वमा आएको भ्रमण दलमा समूहका कार्यसमितिका पदाधिकारी, सल्लाहकार, उपभोक्ता गरी ३० जनाको सहभागिता थियो ।

# विद्यार्थीको सारथी बन्यो हेटौंडा उपमहानगरपालिका

प्रतिक्षा न्यौपाने

हेटौंडा, १८ असार/ मकवानपुर बहुमुखी क्याम्पस विविए प्रथम बर्षमा अध्ययनरत साजिया हुसेनलाई क्याम्पसको शुल्क कसरी बुझाउने भन्ने ठुलो चिन्ता थियो ।

दश जोड दुई सकेपछि त्यसपछिको उच्चशिक्षा अध्ययन गर्न आर्थिक जोहो कसरी गर्ने होला ? भन्ने पिरले उनलाई सताउँथ्यो । जसोतसो भर्ना त गरिन् तर, अध्ययन गर्न मासिक शुल्क बुझाउने रकम नहुँदा उनलाई पढाई छुट्ने हो कि भन्ने ठुलो चिन्ता थियो । हेटौंडा उपमहानगरपालिकाले छात्रबृत्ति वापत १५ हजार रुपैयाँ अध्ययनका लागि उपलब्ध गराएपछि अहिले उनी निश्चिन्त भएर अध्ययन गर्न थालेकी छिन् । उनको सारथी बनेको छ, उपहानगरपालिका ।

त्यस्तै, मकवानपुर बहुमुखी क्याम्पस विविएस दोश्रो बर्ष अध्ययनरत सुजल विश्वकर्माको पनि पिर र चिन्ता उस्तै छ । आर्थिक अवस्था कमजोर भएकाले क्याम्पसको शुल्क बुझाउन हम्मेहम्मे परेको उनी पढाई नै छाड्नुपर्ने अवस्थामा पुगिसकेका थिए । उनलाई पनि छात्रवृत्ति वापत हेटौंडा उपमहानगर पालिकाले ८ हजार ८ सय रुपैयाँ उपलब्ध गराएपछि उनको तनाव घटेको छ । अब उनी ढुक्क भएर अध्ययन गर्न पाएकोमा खुसी छन् । उनले शिक्षाका लागि नगरपालिकाले गरेको सहयोगले आफ्नो जीवनमा ठुलो खुसी मिलेको र पढ्न पाउने अधिकार सुनिश्चित भएको बताउँछन् ।

अध्ययन गर्ने इच्छा हुँदाहुँदै पनि रोकिएको शिक्षा अगाडि बढाउन उपमहानगरपालिकाको छात्रबृत्तिले सहयोग गरेको हेटौंडा क्याम्पसमा अध्ययनरत रियाज कार्कीले बताए । नगरपालिकाले दिएको सहयोगका कारण अध्ययन गर्ने कार्य निरन्तरता दिन सकेको उनको भनाई छ । छात्रबृत्ति उपलब्ध गराएर हेटौंडा उपमहानगर पालिकाले गरेको कार्यप्रति उनले धन्यवाद दिए ।

हेटौंडा-१६ मा रहेको जनप्रिय माविका प्रध्यानाध्यापक भूपेन्द्र चौलागाईले उपमहानगरपालिकाबाट दिइएको छात्रबृत्तिका कारण विद्यार्थीहरुमा उत्साह थपिएको बताए । छात्रबृत्ति प्राप्त भएपछि विद्यालय आउँने विद्यार्थीको संख्या बढेको बताए । त्यस्तै हेटौंडा-१४ जनज्योति माविका प्रध्यानाध्यापक भोगेन्द्र लुइटेलले छात्रबृत्तिका कारण बालबिवाह न्यूनीकरण भएको बताए । हेटौंडा-१२ का रुपेश तिवारीले छात्रबृत्ति पाउँदा नियमित पढ्न सकेको बताए । आर्थिक अवस्था कमजोर रहेका तिवारी अध्ययन गर्न, क्याम्पसमा तिर्ने शुल्क नहुँदा विदेश जाने सोचमा थिए ।

उपमहानगरले आर्थिक सहयोग गरेपछि उनले आफ्नो अध्ययनलाई निरन्तरता दिए । अहिले उनी नियमित क्याम्पस जाने गरेका छन् । अध्ययन गर्नका लागि पाएको सहयोगले उनलाई थप उर्जा र हौसला थपेको बताए । अब म नेपालमै केही गर्छु, उनले भने म जस्तै पैसा नभएर पढ्न नसकेकालाई भविष्यमा जागिर खाएर पैसा कमाएपछि सकेको सहयोग गर्ने मनसाय पनि उनले बनाएका छन् । मकवानपुर बहुमुखी क्याम्पसको कक्षा ११ मा अध्ययन गर्ने हेटौंडा ७ की सगुन रुम्बाको पनि कथाव्यथा उस्तै छ ।

क्याम्पस खर्च जुटाउन विहान वेलुका ज्याला गरेर अध्ययन गर्नुपर्ने बाध्यताबाट ग्रुजिएकी उनी नगरपालिकाबाट आर्थिक सहायता पाएपछि निकै राहत महसुस भएको बताउँछिन् । त्यस्तै हेटौंडा उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयमा कानून अनुसारको छात्रबृति बितरणको काममा कडाइ गर्न सुरु गरिएको छ । हेटौंडा उपमहानगरपालिकाले यही असार २० गतेसम्म छात्रबृति दिएका विद्यार्थीको पूर्णविवरण र अभिभावकको मोवाइल नम्बर सहित उपमहानगर पालिकामा बुझाउनका लागि सूचना जारी गरेको छ ।

उपमहानगरपालिकाभित्र रहेका निजी विद्यालयले छात्रबृतिमा विद्यार्थी नपढाउने गरेको गुनासो गर पछि हेटौंडा उपमहानगरपालिकाले यही असार २० गतेसम्म छात्रबृति दिएका विद्यार्थीको विवरण बुझाउनका लागि आग्रह गरिएको शिक्षा विकास महासाखाप्रमुख गंगाधर रिमालले बताए । हेटौंडाका बोडिङहरुमा एक सयदेखि २ हजार जनासम्म विद्यार्थी अध्यनरत छन् । अब विद्यालयले विवरण बुझाएपछि नियमितरुपमा अनुगमन गर्ने र विद्यार्थीले पाउने छात्रबृति बितरणमा कडाइ गरिने रिमालले बताए । निजी विद्यालयले अनिवार्य तथा निशुल्क शिक्षासम्वन्धी ऐन २०७५ अनुसार विद्यार्थीलाई छात्रबृति रकम वितरण गर्नुपर्ने छ ।

५ सय जनासम्म विद्यार्थी भएका बोडिङमा १० प्रतिशत पूर्ण छात्रबृत्तिमा पढाउनुपर्ने व्यवस्था रहेको छ । ५ सय भन्दा माथी ८ सय जना विद्यार्थी अध्ययनरत विद्यालयले १२ प्रतिशत विद्यार्थीलाई पूर्णछात्रबृत्ति दिनुपर्ने छ । त्यसैगरी ८ सय जना भन्दा माथी विद्यार्थी अध्यनरत भएका विद्यालयले १५ प्रतिशत विद्यार्थीलाई पूर्णरुपमा छात्रबृति दिनुपर्ने कानूनी व्यवस्था रहेको छ । तर, हेटौंडाका धेरैजसो निजी विद्यालयले पूर्णछात्रबृति दिनमा वेवास्ता गर्दै आएका छन् । अहिले भने उपमहानगरपालिकाले यसलाई कार्यान्वयनमा ल्याउनका लागि ताकेता गर्न थालेको हो ।

हेटौंडा उपमहानगर पालिकाकी मेयर मीनाकुमारी लामाले आर्थिक अभावका कारण कोही पनि शिक्षाबाट बञ्चित हुन नदिने बताइन् । उनले शिक्षा सबै नगरवासीको अधिकार भएकाले आर्थिक अभावकै कारण विद्यालय र क्याम्पस छाड्नुपर्ने बाध्यतालाई मध्यनजर गर्दै नगर पालिकाले प्रत्येक बर्ष छात्रबृत्ति बितरण गर्दै आएको बताइन् । उनले नगरमा रहेका गरिव तथा जेहेन्दार विद्यार्थीका लागि नगरले आर्थिक सहायता दिएको बताइन् ।

अधिंकाश छात्रछात्रा विदेश जाने र सानै उमेरमा विवाह गर्ने परिपार्टीले नकारात्मक सन्देश गएको भन्दै नगरले छात्रबृत्ति उपलब्ध गराएको बताइन् । उनले शिक्षा नै पहिलो आधार भएकाले नगरको विकास गर्न पहिलो प्राथमिकतामा शिक्षालाई राखेर काम गरेको र पढ्न नसक्नेलाई नगर पालिकाले आर्थिक सहायता उपलब्ध गराउँदै आएको बताइन् ।

प्राविधिक शिक्षाप्रतिको आकर्षणलाई मध्यनजर गर्दै उच्चशिक्षामा समेत लगानी गरी प्राविधिक जनशक्ति उत्पादन हेटौंडामै गर्ने गरी प्राविधिक महाविद्यालयको अवधारणा अनुरुप भुटनदेवी इन्जिनियरिङ कलेको स्थापना गर्न प्रक्रिया अगाडि बढाएको बताइन् । उनले हेटौंडा शिक्षाको हव बन्दै गएकाले शिक्षामैत्री बनाउने अभियानमा निरन्तर लागि रहेको बताइन् । हेटौंडाका सामुदायिक तथा संस्थागत विद्यालयमा ४० प्रतिशत विद्यार्थी छिमेकी जिल्लाका रहेका छन् ।

शिक्षा विकास तथा समन्वय एकाइ तथा हेटौंडा उपमहानगर पालिका शिक्षा महाशाखाबाट प्राप्त शैक्षिक तथ्याङ्क २०७९ अनुसार मकवानपुर जिल्लामा सामुदायिकतर्फ ५११ र संस्थागततर्फ ७३ विद्यालय गरी जम्मा ५८४ रहेकोमा छ । उपमहानगरभित्र सामुदायिक ९० र संस्थागततर्फ ४७ गरी कूल १३७ विद्यालय सञ्चालनमा रहेका छन् । जिल्लामा कक्षा १२ सम्म अध्ययन गर्ने जम्मा १,१८,७२९ छात्रछात्रा रहेकोमा नगरभित्रका विद्यालयमा ५०,३७४ छात्रछात्रा अध्ययनरत छन् । यसरी हेर्दा विद्यालय शिक्षामा जिल्लाको कुल विद्यार्थीको ४३ प्रतिशत हिस्सा नगरका विद्यालयले ओगटेको अवस्था छ ।

शैक्षिक हव बन्दै गएको हेटौंडामा बारा, पर्सा, रौतहटका विद्यार्थी पनि अध्ययन गर्न आउने गरेका छन् । तराईका जिल्लाका अभिभावकको पहिलो रोजाईमा अहिले हेटौंडाका विद्यालय परेका छन । सुन्दर र हरित नगरी हेटौंडामा अन्य क्षेत्र जस्तै शैक्षिक क्षेत्रमा पनि पर्याप्त सम्भावनाहरू छन् । हेटौंडा उपमहानगरले शिक्षा विकासमा निर्वाह गरेको अभिभावकत्व भूमिकाले यहाँ अध्ययन गर्ने विद्यार्थीको भबिष्य उज्वल हुनेमा दुईमत छैन ।

शिक्षाको विकासका लागि हेटौंडा उपमहानगरपालिकाले विद्यार्थी भर्ना अभियान संचालन गरेको थियो । कुनैपनि बालबालिका शिक्षाबाट बाहिर नरहुन भनेर उपमहानगरले शिक्षालाई बिशेष जोड दिएको छ । विद्यालयसँग जोड्नका लागि नगरपालिकाले आर्थिक अवस्था कमजोर भएका, गरिव, विपन्न र जेहन्दार विद्यार्थीलाई छात्रबृत्ति प्रदान गरेर विद्यालय नियमित बनाउन सक्दो प्रयास गरि रहेको छ । उपमहानगरले संचालन गरेको छात्रबृत्ति कार्यक्रमले विद्यार्थी वर्गलाई निकै लाभ मिलेको छ ।

## सञ्चालनमा आयो हेटौंडा कृषि बजार



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिका-४ मा हेटौंडा कृषि बजार सञ्चालनमा आएको छ । सोमवार त्रिवेणी भेजिटेबल मल्टी प्रालिद्वारा सञ्चालित हेटौंडा कृषि बजारको हेटौंडाकी मेयर मीनाकुमारी लामाले उद्घाटन गरेकी थिइन् ।

कृषि बजारको उद्घाटन गर्दै मेयर लामाले विषादियुक्त तरकारी तथा फलफूलका कारण मान्छे अस्वस्थ हुनुका साथै लाखौं खर्च भइरहेको हुँदा स्वस्थ्य, सफा र विषादिमुक्त फलफूल आजको आवश्यकता रहेको बताइन् । मेयर लामाले हेटौंडामै उत्पादन भएका फलफूल ब्रान्डिङ गरेर राष्ट्र तथा अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन आवश्यक रहेको पनि बताइन् । उनले कृषि बजार सञ्चालनमा ल्याउने त्रिवेणी भेजिटेबल मल्टी प्रालिका सञ्चालकलाई बधाई दिँदै उपमहानगरपालिकाले पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् ।

अभ्यास भुजेल, प्रिन्स लामा बल, राजीव गोले, सुरोज गोङ्वा र अजय स्याङतानको संयुक्त ३ करोड लगानीमा सञ्चालित हेटौंडा बजारको मेनरोड, हेटौंडा-४ स्थित नारायणी मलको उत्तरी क्षेत्रमा रहेको यस कृषि बजारमा तरकारी, फलफूल, किराना सामग्रीदेखि माछा-मासुसम्म एकै ठाउँका पाइने सञ्चालक अभ्यास भुजेलले जानकारी दिए । १ सय ६० वटा स्टल रहेको बजारमा कृषि सामग्री मात्रै नभई यहाँ तरकारी पसलदेखि खाजाघर तथा घरायसी सम्पूर्ण समानको स्टल रहेको भुजेलले जानकारी दिए ।

हेटौंडाका अव्यवस्थित तरकारी बजारलाई व्यवस्थित बनाएर हेटौंडाका मानिसलाई सबै सामान एकै ठाउँमा उपलब्ध हुने सुविधा सहित कृषि बजार सञ्चालनमा ल्याएको उनको भनाई छ । उद्घाटन समारोहमा भूमि आयोग मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहाल, हेटौंडा उपमहानगरपालिका-१३ का वडाअध्यक्ष पेम्बा लामा, जिल्ला खेलकुद विकास समितिका निर्वतमान अध्यक्ष सानु लामा दोङ लगायतको उपस्थिति रहेको थियो ।

## लागुऔषधसहित एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरपालिका-१५, रातोमाटे चेक प्वाईन्टबाट लागुऔषध सहित एक युवक पक्राउ परेका छन् । पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक, पाँचखाल नगरपालिका-७ बस्ने अन्दाजी २३ वर्षीय बिबेक सापकोटा रहेका छन् । पूर्वपश्चिम सडकखण्ड अर्न्तगत बीरगंजबाट चितवनतर्फ जाँदै गरेको ना ६ ख ५६७७ नम्बरको यात्रुबाहक बसमा सवार सापकोटालाई चेकजाँच गर्दा लागुऔषध नाईट्राभेट ट्यावलेट १३ वटा फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । लागुऔषध सहित उनलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

त्रिवेणी भेजिटेवल मार्ट प्रा.लि. द्वारा सञ्चालित

हेटौंडा कृषि तरकारी बजार

हेटौंडा-४, मेनरोड, नारायणी मल संगै

यस तरकारी बजारको सेवाहरु:




नोट: केहि स्टल खाली रहेकोले बुकिङ्गको लागि छिटै सम्पर्क गर्नुहोला

९८६०५९८०५२, ९७४१६८०१८७, ९८५५०३३५५८

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट



यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।

भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

Solidarity International Academy, Hetauda-10, Makwanpur Estd. 2049 (1993)

सम्पर्कको लागि

०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)

2-DAY FREE MEDICAL CAMP

(२ दिने निशुल्क चिकित्सा शिविर)



असार २२ र २३ गते

स्थान: हेटौडा स्कुल अफ मानेजमेन्ट एण्ड सोसल साईन्स
समय: बिहान ८ बजे देखि

***नाम दर्ता असार १९ देखि सुरु हुँदैछ।***

नि:शुल्क स्वास्थ्य परिक्षण सेवाहरु:

- जनरल मेडिसिन (General Medicine)
- प्रसुति तथा स्त्री रोग (Obstetrics and Gynecology)
- बाल रोग (Pediatrics)
- शल्य क्रिया (General Surgery)
- मानसिक तथा नसा (Psychiatry)
- हाडजोर्नी तथा नसा रोग (Orthopedics)
- छाला तथा यौन रोग (Dermatology)
- नाक कान घाँटी (ENT)
- आँखा परिक्षण (EYE)
- ई. सी. जी. ECG
- भिडियो एक्सरे (USG)
- रगत तथा पिसाब परिक्षण (LAB)
- न्युरो सर्जरी (Nero Surgery)
- मुटु रोग (Heart Disease)

Organized by:

Hetauda School of Management and Social Sciences
"कडा अनुशासन, स्तरीय शिक्षा"

Technical Support by:

KATHMANDU MEDICAL COLLEGE

Accredited by University Grants Commission (UGC), Nepal (2023)

साझाकुरा

## हाम्रो कुरा

# बैज्ञानिक पूर्वाधारको परिकल्पना

सामाजिक-आर्थिक विकासको पूर्वसर्त नै पूर्वाधार विकास हो, त्यो पूर्वाधार भित्र पनि सडकचाहिँ पूर्वाधार विकासको पनि मुख्य पूर्वाधार हो । भनिन्छ नि 'विकास गाडी चढेर आउँछ' भनेर । त्यसैले अहिले स्थानीय सरकारले वडाका गाउँबस्तीसम्म डोजर चलाएका छन् । बैशाख-जेठमा खनेको त्यस्ता अबैज्ञानिक र अब्यवस्थित सडक असार-साउनमा बगाएर बंगालको खाडीमा पुगिरहेका छन् । डोजर अपरेटर नै ईन्जिनियर बनेका त्यस्ता सडकले गाउँबस्ती नै जोखिममा पारि रहेको छ । वातावरणीय अध्ययनबिना गरिएका त्यस्ता पूर्वाधारको विकासले हाम्रो पर्यावरणमा नराम्रो प्रभाव पारिरहेको छ । यसलाई न्यूनीकरण गर्दै मजबुत पूर्वाधार विकासका लागि सबै पक्षबाट पहल हुनु जरुरी छ । सडक सञ्जाल आकारका दृष्टिले नेपाल विश्वका दुई सय २२ देशमध्ये ११९ औं स्थानमा परेको छ । नेपालमा २०३१ मा सडक ऐन आएपनि त्यो ऐन अझै प्रभावकारी कार्यान्वयनमा आएको देखिदैन । उदाहरणका लागि हेटौंडा बजार क्षेत्र हेर्दा पुग्ला ।

पूर्वपश्चिम राजमार्गमा सबैतिर सडक क्षेत्राधिकार ५० मिटर कायम हुँदा हेटौंडा बजारमा भने अझै १६/१६ मिटर कायम गर्ने प्रस्ताव गरेर सडक बिस्तारमा तगारो हाल्ने काम भइरहेको छ । कहिले १५ गजको प्रस्ताव आउँछ त कहिले १६ मिटरको । खासमा सडक ऐनमा भएको प्राबधान हेटौंडा सहरका लागि मात्र परि बर्तत हुने पक्कै होइन होला । हेटौंडाको राजमार्ग चाहिँ १६ मिटरको र बुटवलको राजमार्ग २५ मिटरको हुने होइन होला । राष्ट्रिय राजमार्ग भनेको वडामा ग्रामीण सडक खनेको जस्तो हुँदैन । एसियन डेभलपमेन्ट बैंक (एडीबी) का अनुसार नेपालमा एक्सप्रेस-वे शून्य अंकमा छ । बैंकले सञ्चालन गरेको सासेक रोड कनेक्टिभिटीमा नेपालको सडक सञ्जालको अवस्था दयनीय देखिएको छ । साउथ एसिया सबरेजिनल इकोनोमिक्स कोअपरेसन (सासेक) प्रोग्रामलाई आधार मान्ने हो भने एक सय वर्गकिलोमिटर क्षेत्रफलमा जम्मा १४ किलोमिटर सडक छ अर्थात् एक हजार मानिसका लागि केवल १ किलोमिटर सडक मात्र पर्दछ । एडीबी र वर्ल्ड बैंक नै नेपालको सडक बिस्तारका लागि सबैभनदा ठूला दाता हुन् । नेपालका राष्ट्रिय राजमार्गमा नेपाल सरकारको मात्र निर्णयले पनि कतिपय अवस्थामा काम गर्दैन । नेपालको पूर्वपश्चिम राजमार्ग एसियन हाइवेको ख बर्गको रुट हो । एसिएन हाइवेमा परेको हुनाले नेपाल सरकारले गरेको निर्णयलाई अन्तराष्ट्रिय समुदायले पनि मान्य हुनेखालको हुनु पर्दछ । त्यसैले हेटौंडा बजारमा १६ मिटर वा २५ गज भन्ने आंकलन गलत साबित हुन सक्छ । नेपालको मालसामान ढुवानी गर्ने सबैभन्दा भर पर्दो पारबहनको बिकल्प भनेकै सडक यातायात नै हो । ९० प्रतिशत मालसामान ओसारपसरा र यात्रु आवतजावत गर्ने माध्यम भनेकै सडक हो । सडक यातायातलाई बैज्ञानिक र न्यून जोखिमयुक्त बनाउनका लागि परम्परावादी सडक निर्माणको सिलसिला तोड्नै पर्छ । त्यसो त सरकारले रक्सौल काठमाडौं रेल सेवाको बिस्तार गर्न पनि खोजिरहेको छ । तर, तयो भारतीय सरकारको निगाहामा भरपर्ने कुरा हो । हाम्रो देशको बजेटले चाहेर त्यो बन्नेवाला छैन । सरकारले सबैभन्दा कम लागतमा निर्माण गर्न सकिने सम्भावना देखिएको बीरगंज-जीतपुर-निजगढ-शिखरपुर-सिस्नेरी-सतीखेल हुँदै काठमाडौं जोड्ने करिब २ सय १९ किलोमिटर लामो बाटो प्रयोग गर्ने गरी रेलसेवाको डिपिआर अध्ययन भएको छ । रेलमार्ग सञ्चालन भए भारतबाट आयात हुने सामान काठमाडौंसम्म ल्याउने लागत तथा समय घट्नेछ ।

अर्कोतर्फ निजगढ-काठमाडौं फास्टट्र्याक पनि निर्माणाधीन अवस्थामा छ । समयमै फास्टट्र्याक संचालनमा आउने सम्भावना पटक्कै छैन । किनभने यो बढी महत्वाकांक्षी योजना हो । १५ वर्षअघि आधादर्जन मन्त्रीले सिलान्यास गरेको फास्टट्र्याक त्यसपछि पनि तीनपटक सिलान्यास भइसकेको छ । १५ वर्षअघि ७० अर्ब रुपैयाँमा निर्माण सम्पन्न हुने भनिएको फास्टट्र्याकको लागत बढेर दुई खर्ब रुपैयाँ भइसकेको छ । गुणस्तरीय सडक सञ्जालले देशलाई घाटा छैन । अब्यवस्थित अबैज्ञानिक सडकले मात्र घाटा पुऱ्याउने हो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २० गते बुधबार ५ जुलाई २०२३ । द्वितीया, श्रावण कृष्णपक्ष । दिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ५:१४, सूर्यास्त ७:०२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सम्मानित काम हुनेछ | **तुला** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **वृष** | : धार्मिक काममा रुचि बढ्नेछ | **वृश्चिक** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **मिथुन** | : काममा एकरुपता आउनेछ | **धनु** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **कर्कट** | : यात्राबाट लाभ हुनेछ | **मकर** | : काममा प्रगति हुनेछ |
| **सिंह** | : धनको समस्या पार लाग्नेछ | **कुम्भ** | : व्यापारमा लाभ हुनेछ |
| **कन्या** | : दिन राम्रोसँग बित्नेछ | **मीन** | : परीक्षामा सफलता मिल्नेछ |

# अनिश्चितताको भय र सम्भावनाको हुटहुटी



डम्बर खतिवडा

बितेका ७ दिन पूर्वतिर थियौं । पूर्वतिर अर्थात् नारायणी पारिदेखि मेचीवारि सम्म । ७ दिनभित्र ३ प्रदेश बागमती, मधेश र कोशी प्रदेशका १४ स्थान चितवन, हेटौंडा, वीरगञ्ज, बारा, चपुर, जनकपुर, लहान, धरान, इटहरी, विराटनगर, काँकडभिट्टा (काँकरभित्ता), दमक, बेल्टार र गाईघाटमा साना, ठूला सामूहिक अन्तरक्रिया र व्यक्तिगत भेटघाट गरेर फर्किंदा लाग्यो- पूर्वतिर अनिश्चितताको भय जति बाक्लो छ, नयाँ सम्भावनाको खोजी गर्ने हुटहुटी उत्तिकै तीव्र ।

चितवन एक दशक बढी समयदेखि निरन्तर चर्चामा छ राष्ट्रिय राजनीतिमा । त्यसो हुनुको कारण बृहत् शान्ति सम्झौता मार्फत माओवादी सशस्त्र विद्रोहको मूलप्रवाहीकरणपछि उदाएका यसका सुप्रिमो प्रचण्डको गृह जिल्ला हुनु पनि थियो । त्यसपछिका दुवै संविधानसभा निर्वाचन उनले चितवनबाट लड्ने आँट भने गरेनन् । उनी रोल्पा, काठमाडौं र सिरहामै अल्झिए । तर, चितवनको स्थानीय राजनीतिमा उनको गहिरो दबाब र प्रभाव पर्न थाल्यो ।

बरु २०७० को दोस्रो संविधानसभा निर्वाचन कांग्रेस सभापति सुशील कोइरालाले चितवनबाट लडे । बाँकेबाट चुनाव लड्ने गरेका कोइरालालाई प्रधानमन्त्री बन्ने अवसर चितवनको विजयले दियो । त्यो अवधि चितवन कांग्रेसको लोकप्रियताको पराकाष्ठा बन्यो ।

जब केन्द्रमा शेरबहादुर देउवा उदाए, चितवन कांग्रेस निरन्तर भाँडभैलो, 'मिस म्यानेजमेन्ट' र 'अलोकप्रियताको सिकार' भयो । कारण थियो- चितवन राजनीतिमा प्रचण्ड-देउवा सत्ता सहकार्यको दुष्प्रभाव । जब प्रचण्डपुत्री रेनु दाहाललाई मेयरको चुनाव जिताउन मतपत्र च्यात्नेसम्मका दुष्कर्महरू गरिए, सत्ता र पैसाको चरम चलखेल जनताले नजिकबाट देखे, भोगे, नियाले, चरम वितृष्णा उत्पन्न भयो र चितवन तथाकथित मूलधार राजनीतिबाट निरन्तर भाँडिंदै र टाढिँदै गयो ।

२०७४ को आम निर्वाचनमा वाम गठबन्धनले गरेका वाचा र आश्वासन चितवनवासीका लागि पानीको फोका जस्तै फुटेर गए । वाम गठबन्धनका प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओलीको शासनकालमा चितवनमा 'चेपाङ बस्ती भत्काएर ठोरीमा राम खोज्ने' नयाँ बिम्ब स्थापित भयो । माडीमा नक्कली अयोध्या खडा गर्ने र विशाल राम मन्दिर बनाउने 'ओली परियोजना' अहिले अलपत्र छ भन्ने सुनियो । कसैले त्यसमा गहिरो रुचि राखेर चर्चा गर्न चाहेन ।

निरन्तर भत्किंदो संगठन र घट्दो भोटले कांग्रेस-कम्युनिष्टहरू निराश देखिन्छन् । रास्वपाको उदय र घन्टीको चर्को लहरबीच कांग्रेस-कम्युनिष्टहरूको साख फर्काउन केही न केही राम्रो गर्नुपर्ने दबाबमा छन् भरतपुर महानगर की मेयर रेनु दाहाल । नारायणीमा 'बिच' बनाउने जस्ता लोभाकर्षक विकास परियोजनामा जोड दिंदैछिन् उनी । तर, चितवनको मनोविज्ञानलाई उनले सम्हाल्न सक्ने सम्भावना छैन ।

चितवनलाई कर्मक्षेत्र बनाएका लेखक, अभियन्ता तथा चिकित्साकर्मी डा. जीवन क्षेत्रीका अनुसार 'देश अहिले जसरी पूर्वानुमान गर्न नसकिने स्थितिमा छ, चितवन पनि उत्तिकै अनिश्चयको सिकार छ ।' पुराना भाष्य र मानकहरू निरन्तर भत्किंदैछन् । कसैले सोचे जस्तो, भने जस्तो भइरहेको छैन तर, हुन लागेको वा हुनेवाला के हो भन्ने प्रष्टता पनि छैन । युवा उद्यमी अमर घिमिरे ठान्छन् कि चितवनमा राजनीति मात्र हैन, आर्थिक संकटले सृजना गरेका दबाब पनि उत्तिकै गहिरा छन् र त्यसले अनिश्चयलाई झनै बढाएको छ ।

हेटौंडाको कुरा पनि उस्तै उस्तै थियो । कमल थापा कालमा मकवानपुर राजनीतिमा राप्रपाले उल्लेखनीय प्रगति कहिल्यै गरेन । तर, थापाले जब राप्रपा छोडे र एमालेको सूर्य चिह्नबाट चुनाव लडे, राप्रपाका दीपकबहादुर सिंहले चुनाव जितेर सबैलाई छक्क पारिदिए । देश नयाँ रास्वपातिर सोहोरिएको बेला मकवानपुरमा भने झनै पुरानो राप्रपाको लहर चल्यो । हेटौंडाका युवा राजनीतिकर्मी प्रकाश आचार्य यसलाई 'आश्चर्य' ठान्छन् । यस्ता आश्चर्य घटित हुनुको पछाडि आम अनिश्चयले काम गरेको हुनुपर्दछ भन्ने उनको ठहर छ ।

वीरगञ्जको सोच भने केही फरक छ । वीरगञ्जवासी सहजै भन्छन् कि यो शहर देशको 'आर्थिक राजधानी' हो, भारतको मुम्बई जस्तो । देशका १०० धनाढ्य र उद्योगपतिहरूको सूची बनाउने हो भने आधा जति त वीरगञ्जकै हुनेछन् । तसर्थ यहाँको राजनीति र सामाजिक क्रियाकलापमा पैसाको चर्को चलखेल हुन्छ । कांग्रेस, एमाले र माओवादी-तीन ठूला पार्टीका मात्र हैनह जसपा, लोसपा र जनमत जस्ता मधेशकेन्द्रित पार्ट्रीका आधा 'फाइनान्सर' यही शहरमा हुन्छन् । यहाँका उद्योगी, व्यवसायी र धनाढ्यहरूका लागि ठूलो रकम पार्टीहरूलाई चन्दा दिनु रहर र कहर दुवै हो ।

तसर्थ वीरगञ्ज राजनीतिको प्रवृत्ति चितवन र हेटौंडाको भन्दा फरक छ । यहाँको मूलधारको राजनीति पार्टी जुनसुकै होस्, प्रवृत्तिले 'दवंगगिरी' हो । 'पैसा र दवंगगिरी' अहिलेसम्म मूलधार छ, यसका विरुद्ध नयाँ पुस्ताका पढेलेखेका युवा युवती संगठित हुँदैछन् । उनीहरू पर्साको राजनीतिलाई शुद्धीकरण गर्न चाहन्छन् । तसर्थ त्यहाँ पनि वैकल्पिक राजनीतिको तिर्खा चर्को हुँदै गएको छ ।

बाराको राजनीतिले भने कुनै खास प्रवृत्ति पक्रिन सकेको देखिन्न । गत स्थानीय चुनावमा यहाँको फेटा गाउँपालिकामा विवेकशील साझा पार्टीका रुस्तम अन्सारीले जितेर एक नयाँ अभिलेख बनाए ।

बारा-२ मा भर्खरै उपनिर्वाचन भयो । जसपा र जनमतबीच प्रतिस्पर्धा देखियो । माओवादी र कांग्रेसका उम्मेदवार नै थिएनन् । एमाले, राप्रपा र रास्वपाले कुनै उल्लेखनीय प्रदर्शन गर्न सकेनन् । बाराको प्रवृत्ति अहिले पनि 'कोर मधेश' को चरित्र नै हो, त्यहाँ अनिश्चितता त छ तर भिन्न प्रकारको ।

जब जनकपुर र लहान पुगिन्छ, काठमाडौंमा हुने तर्कहरू ठीक उल्टा हुन्छन् । काठमाडौंका तर्कहरू जनकपुर र लहानलाई 'मूर्खहरूको सस्तो बुद्धिविलास' जस्तो लाग्दछ । बन्द बोर्डर, काँडेतार वा नागरिकताबारे हुने काठमाडौंका तर्कले यहाँका मान्छेलाई आक्रोशित बनाउँछ । मधेशको अहिले पनि आफ्नै 'सेन्टिमेन्ट' छ । घन्टीको आवाज यो क्षेत्रलाई सुमधुरभन्दा बढी कर्कश लाग्दछ । विशेषत: नागरिकता विवादमा रास्वपाको अडानलाई यहाँ एमाले र राप्रपाकै नयाँ संस्करणका रूपमा हेरिन्छ ।

जनकपुर वा लहानमा 'संघीयताको विरोध' सायदै मान्छेले गर्दछन् । त्यहाँ 'संघीयता खर्चिलो भयो, खारेज गरौं' भन्ने हैन, संघीयतालाई कमजोर बनाइयो, प्रदेशहरूलाई कम अधिकार दिइयो भन्ने गुनासो व्यापक हुन्छ । संघीयतापछि जनकपुरले साँच्चै नै आफ्नो रूप फेरेको छ । जानकी मन्दिरको आँगनमा सुँगुर चर्ने र बाह्रबिघा मैदानमा सामूहिक शौच गरिने बिम्ब अब बाँकी छैन । जनकपुर निरन्तर सफा र सुन्दर हुँदै गएको छ ।

मिथिला संस्कृतिमा विशेष महत्व राख्ने पोखरीहरू पुनर्जीवित हुँदैछन् । गंगासागरमा हुने साँझको आरति पशुपतिनाथको भन्दा बढी आकर्षक र भव्य हुन्छ । जनकपुर निरन्तर एक जीवन्त सांस्कृतिक शहर बन्दै गएको छ । कतिपयले भन्छन्- वीरगञ्ज नेपालको मुम्बई हो भने जनकपुर वाराणसी ।

तर, मधेशको मिथिला क्षेत्रमा पनि राजनीतिक प्रवृत्तिले कोल्टे फेर्दैछ । मिथिला क्षेत्रको सप्तरीमा हारेका 'मधेशका मसिहा' उपेन्द्र यादव भोजपुरी भाषी क्षेत्र बारामा पुगेर जिते । मिथिला क्षेत्रमा कांग्रेस, एमाले, माओवादी, राप्रपा मात्र हैन, जसपा र लोसपा पनि निरन्तर कमजोर हुँदैछन् । रास्वपालाई यो क्षेत्रमा कसैले गणना समेत गर्दैन । जसपा र उपेन्द्र यादवको 'वाई-एम थ्यौरी' ले यहाँ काम गर्न छोडेको छ । यहाँ अचेल कि जनमत पार्टीको चर्चा हुन्छ कि कुनै राष्ट्रियस्तरको 'प्रगतिशील-लोकतान्त्रिक विकल्प' आइदिए हुन्थ्यो भन्ने चाहना तीव्र छ ।

सिरहा र सप्तरीको थारू समुदाय नागरिक उन्मुक्ति पार्टीका पछिल्ला क्रियाकलापबाट निरास देखिन्छन् । रेशम चौधरीको न्याय र रिहाइका लागि यो समुदायले गत चुनावमा नाउपालाई सहयोग गरेको थियो । तर, टीकापुर विद्रोहका सहकर्मी र अन्य राजबन्दीलाई जेलमै छोडेर सत्ता राजनीतिको मोलतोल गर्दै रेशम एक्लै उम्किए, भर्खरै जन्मिएको कलिलो पार्टीभित्र व्यक्तिवाद र परिवारवादको चरम विकृति देखियो, तुरुन्तै निराशा सुरु भयो ।

कोशी-मेचीको बीचमा परम्परागत दलहरू अहिले पनि संगठनात्मक दृष्टिकोणले बलिया छन् । तर, पछिल्लो समय यो भूभागले निरन्तर 'मानसिक अलगाव' को अनुभूति गर्न थालेको छ । देशभरि बदलाव आउन थालेको बेला परम्परागत दललाई नै साथ दिएर यो क्षेत्रले कतै परिवर्तनको विरुद्ध यथास्थितिवादी भूमिका त गरिरहेको छैन भन्ने आम चिन्ता प्रष्टै देखिन्छ । अन्तरक्रियाका सहभागीहरूले हामीसँग त्यस्तो अलगाव र चिन्ता व्यक्त मात्र गरेनन्, अब के गर्ने ? कसलाई दिने वा नदिने ? कसरी अगाडि बढ्ने भन्ने विषयमा कुनै निर्णयमा पुग्न नसकेको, अन्योल र संक्रमण कायमै रहेको बताए ।

झापा, मोरङ, सुनसरीमा बालेन शाह, रवि लामिछाने, डा. सीके राउत र रेशम चौधरीको भन्दा बढी चर्चा धरानका मेयर हर्क साम्पाङको हुन्छ । हर्कको मिहिनेत र कामलाई मन पराए पनि उनको 'अभिव्यक्तिको शैली' भने अनावश्यक रूपमा ठाडो र अमर्यादित हुने ठान्छन् मान्छेहरू । कोशी पूर्व धेरैको मनमा प्रश्न छ- अर्को चुनावसम्म हर्क र बालेनले के गर्छन् ? उनीहरूले अर्को पार्टी खोले भने रास्वपाको के हालत होला ?

झापा कुनै समय देशकै सर्वाधिक क्रान्तिकारी जिल्ला थियो । अहिले चरम दक्षिणपन्थ निरन्तर बलियो हुँदै गएको छ । कतिपयले त झापालाई 'राप्रपाको राजधानी' समेत भन्न भ्याए । कम्युनिष्ट धारमा एमाले र ओली समूहको अझै यहाँ बलियो पकड छ, जसलाई सबैभन्दा 'दक्षिणपन्थी वाम समूह' मानिन्छ । यहाँसम्म कि माधव-झलनाथको बहिर्गमन र एमालेको विभाजनको समेत झापामा खासै प्रभाव परेन । यसरी कुनै बेलाको क्रान्तिकारी जिल्ला नजानिंदो गरी 'दक्षिणपन्थको किल्ला' बन्न पुगेको त हैन भन्ने चिन्ता र हीनता पनि प्रगतिशील-लोकतान्त्रिक जनमतमा बढ्दो छ ।

फराकिलो मेची पुल बनेपछिको काँकडभिट्टा अब आफैंमा एक व्यापारिक बनेको छ । हिजोको जस्तो भद्रपुर वा दमकको 'डोमिनेसन' मेचीनगरमा अब छैन । मेचीनगर वासी परम्परागत दलीय र गुटीय राजनीतिबाट निरन्तर विरक्त हुँदैछन् । सधैं कम्युनिष्ट उम्मेदवारले जित्ने रेकर्ड तोडेर मेचीनगरवासीले यसपटक कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मालाई जिताइदिए ।

मेचीनगरका एक युवा भन्छन्, 'खासमा विश्वप्रकाशले पाएको भोट पनि वैकल्पिक सोचको भोट हो । उनी उम्मेदवार हुँदैनथे भने कांग्रेसले जित्ने कुनै चान्स थिएन ।' झापामा पुराना शक्तिकेन्द्र भद्रपुर र दमक क्षेत्रभन्दा मेचीनगर बढी आधुनिक, क्रान्तिकारी र वैकल्पिक हुँदै गएको छ । 'कोशी विरुद्धको आन्दोलन' के, कसरी निष्कर्षमा पुग्ला वा नपुग्ला, यो क्षेत्रको अर्को ठूलो चिन्ता हो ।

दमकको सीतापुरीमा भेटिएका जनजाति महासंघका पूर्वमहासचिव नित्यान्द ताजपुरिया भने कोशी-मेची बीचका आदिवासी राजवंशी, धिमाल, सतार, गनगाई, ताजपुरिया लगायत समुदायको निरन्तरको किनारीकरणबाट दु:खी र चिन्तित छन् । उनी प्रश्न गर्छन्, 'वैकल्पिक राजनीतिको कुरा गर्नेहरूले यो मुद्दालाई कसरी लिन्छन् ? प्रगतिशील-लोकतान्त्रिक विकल्पले उनीहरूका लागि कस्तो कार्यक्रम दिन सक्दछ ?'

फर्किंदा हामी नयाँ चतरा पुल हुँदै आयौं- बेल्टार-गाईघाट-कटारी हुँदै । पछिल्लो दशक कांग्रेस नेता नारायण खड्काले पकड बनाएको यो क्षेत्रमा नयाँ दल सदस्य र वैकल्पिक राजनीतिको बहस उत्तिकै तीव्र हुँदैछ । बेल्टारका एक व्यवसायी भन्छन्, 'अब चाहिं अघाइयो । केही नयाँ र राम्रो आए हुन्थ्यो ।'

समग्रमा भन्न सकिन्छ- पूर्व दक्षिण नेपालको मनस्थिति अभूतपूर्व उथलपुथल र संक्रमणको बीचमा मात्र छैन, यति नाजुक र तरल हुँदै गएको छ कि त्यसले आगामी दिनमा देशको राजनीतिक कोर्समा व्यापक फेरबदल हुनसक्ने निर्णय लिन सक्ने सम्भावना प्रबल छ ।

*(साभार: अनलाइनखबर)*

# भ्रष्टाचारविरोधी कामसँग डराएर सरकार ढाल्ने ?

राजेन्द्र किराती

पछिल्लो समय सरकार परिवर्तनको अलि बढी नै चर्चा-परिचर्चा हुन थालेको छ । गुणदोष जे भने पनि यो संसदीय प्रणालीको आधार भूत चरित्र हो । संसदीय शास्त्रीय परिभाषामा कुनै पनि पार्टी वा नेताले कुनै पनि बेला सर कारमाथि अविश्वासको प्रस्ताव पेस गर्न सक्छ । यो लोकतन्त्रको आदर्श हो, तर निहीत स्वार्थ र आग्रह-पूर्वाग्रहको फेरो समात्न थालेपछि त्यस्ता आदर्श केवल कलंक वा विवादको बिउ मात्र बन्न पुग्छ ।

समाधानसहितको सरकार परिवर्तन गर्नु भनेको उत्पादनमूलक लोकतान्त्रिक प्रक्रिया हो, तर जब यो पद प्राप्ति र आग्रह-पूर्वाग्रहको खेलमा सीमित हुन्छ, तब यसको कुनै औचित्य हुँदैन । नेपाली संसदीय परम्परालाई नियाल्दा समस्याको समाधान दिनका लागि लोकतान्त्रिक प्रक्रियाहरू अगाडि बढ्दैनन्, बरु दलीय र नेतागत स्वार्थ, आग्रह-पूर्वाग्रह र कुण्ठाको कक्षवरि परि लोकतान्त्रिक प्रक्रियाहरू कैद हुँदै आएका छन् । यस कारण सरकार परिवर्तन गर्ने चर्चाको पछि कुद्नुभन्दा सरकार परिवर्तन आजको हाम्रो समस्याको वस्तुवादी समाधान हो वा होइन भनी विश्लेषण गर्न जरुरी छ ।

प्रचण्डको नेतृत्वमा सरकार गठन भएको पाँच महिना मात्र हुँदै छ । यो अवधि भनेको सरकारको तयारी, छलफल र योजना निर्माणको समय हो । यही प्रारम्भिक योजना निर्माणको जगबाट निरन्तर अघि बढ्यौं भने परिणाम टाढाको विषय हुँदैन । अर्थात् सरकार ले काम के कति गऱ्यो भनेर मापन गरिहाल्ने समय भएको छैन । यसका लागि लगभग एक-डेढ वर्षको समय सीमा दिनुपर्छ । सकारात्मक र सिर्जनशील रूपमा सरकारलाई सहयोग, सुझाव, सल्लाह र प्रतिक्रिया दिनुपर्छ । सहीलाई सही र गलतलाई गलत भन्ने न्यूनतम आलोचनात्मक दृष्टिकोण राख्नैपर्छ ।

सरकार गलत बाटोतिर जाँदै छ भने समयमै सही दिशा निर्देश गर्नुपर्छ । योबाहेकको अवस्थामा पनि सरकारको विकल्प खोज्नु भनेको निरपेक्ष निहीत स्वार्थ निरपेक्ष निषेधमा आधारित हुन्छ, तर यहाँ सही उद्देश्यमा प्रचण्ड सरकारको विकल्प खोजिएजस्तो देखिँदैन । यसको पछाडि तपसिल बमोजिमको निहीत स्वार्थ र कुण्ठाले घर गरेको विश्लेषण गर्न सकिन्छ ।

**सरकारबाहिर बस्दाको पीडा**

नेपाली राष्ट्रिय राजनीतिमा सरकारमा बस्दा सबै ठीक र सरकारबाहिर बस्नुपर्दा सबै बेठीक हुने गलत परम्परा छ । राजनीति गर्नु नै देश र जनताको सेवा र समर्पण भावभन्दा पनि सांसद र मन्त्री बन्ने एकल महत्त्वाकाक्षी प्रक्रियामा आधारित देखिन्छ ।

यो सबै पार्टी र नेताको हकमा लागू हुन्छ । आफूले गरेको सबै काम ठीक र अर्कोले त्यही काम गरे बेठीक भन्ने गलत भाष्य निर्माण गरिएको छ । यसले सिंगो राजनीतिलाई प्रदूषित र मूल्यहीन बनाइदिएको छ । आफू मात्र सही अरु सबै गलत भन्ने आत्मकेन्द्रित व्यक्तिवादी र पार्टीवादी स्वार्थ उत्कर्षमा पुगेको छ । यस्तो प्रवृत्तिले राजनीतिक मूल्य-मान्यता र आदर्शलाई तिलाञ्जली दिँदै आएको छ ।

पानी र माछाजस्तै भएका छन्, सर कार र पार्टी वा नेता । पानीबिना माछा बाँच्नै नसकेजस्तै सरकारबिना पार्टी र नेता एकपल जिउनै नसक्ने स्थितिमा पुगेका छन् । यस्तो वस्तुगत र आत्मगत धरातलमा प्रतिपक्षमा बसिरहनु पक्कै पनि निकै पीडादायी हुन्छ । यही भावभूमिमा सरकारबाहिर बस्न बाध्य भएका पार्टी र नेतालाई केही अवसरवादी हुटहुटी जाग्नु स्वाभाविक हो । सरकार परिवर्तनको हल्ला वा चर्चा यस्तै सत्ता सुखभोगमा आधारित हुटहुटीकै अवसरवादी अभिव्यक्ति हो ।

**दलीय र नेतागत आग्रह-पूर्वाग्रह**

हाम्रो राजनीतिमा सैद्धान्तिक राजनीतिक दृष्टिकोणको अभ्यास निकै कम र हेको छ । दृष्टिकोणको राजनीति नभएको ठाउँमा नैतिकता र इमान-जमान पनि हुँदैन । यहाँ जसरी पनि चुनाव जित्ने र सांसद-मन्त्री बन्ने होडबाजीबाहेक अरु केही देखिँदैन ।

यसरी हारजितको चरम स्वार्थगत होडबाजीमा आधारित राजनीति एकले अर्कोलाई निषेध नगरी, नाङ्गो नपारी र नखुइल्याई अघि बढ्न सक्दैन । दृष्टिकोणको राजनीति नभएपछि एकले अर्कोलाई गाली नगरी, आरोप-प्रत्यारोप नगरी राजनीतिक फसल पाक्दैन । यो नमिठो सच्चाइ नेपाली राजनीतिको हो ।

यस्तो परिवेशमा कुनै एउटा पार्टी र नेताको भन्दा अझ उन्नत कार्ययोजना र कार्यक्रम पेस गरेर अघि बढ्ने कुरा आउँदैन । यस कारण हामी उनीहरूभन्दा प्रगतिशील र उन्नतशील भन्ने वस्तुवादी आधार पेस गर्नुपर्दैन । यस्तो वस्तुगत धरातलमा केवल अरु पार्टी र नेताहरूलाई तथानाम गाली गरे पुग्छ । उनीहरूलाई निषेध गरे पुग्छ, आग्रह र पूर्वाग्रह लिए पुग्छ । परिणामत: आज हाम्रो राजनीतिमा एउटा पार्टीले अर्को पार्टीलाई अनि एउटा नेताले अरु नेतालाई जन्मजातै गलत दृष्टिकोण राखिरहेको हुन्छ ।

यसरी दलीय आग्रह, पूर्वाग्रह र कुण्ठाकै बीच वर्तमान सरकारको विकल्प खोज्न थालिएको विश्लेषण गर्न सकिन्छ । यसले स्थायित्व, विकास र समृद्धिको यात्रामा बाधा पुऱ्याउने निश्चित छ । यसकारण यो सरासर गलत छ ।

**भ्रष्टाचारीलाई कारबाही**

नेपाल भनेको भ्रष्टाचार र काण्डैकाण्डले भरिएको मुलुक हो । यस्तो मुलुकमा भ्रष्टाचारलाई नियन्त्रण गर्नु चानचुने सवाल होइन । अर्थात् यहाँ भ्रष्टाचारविरुद्ध धावा बोल्न निकै ठूलो साहस चाहिन्छ ।

यस्तो वस्तुगत अर्थराजनीतिक धरातलमा वर्तमान सरकारले भने निकै गम्भीर जोखिम मोलेरै भ्रष्टाचारका फाइलहरू खोल्दै छ । यो सुखद, सकारात्मक, प्रशंसनीय र ऐतिहासिक थालनी हो । यसलाई सरकारले राम्रो कामको थालनी गरेको शुभसङ्केतका रूपमा ग्रहण गरिँदै छ । जस्तोसुकै परिस्थिति आए पनि सरकारलाई पछि नहट्न जनताले दबाब दिइरहेका छन् ।

नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई पूर्वमन्त्रीसहित दर्जनभन्दा बढी जेल चलान भइसकेका छन् । अरु गिरफ्तारीमा परिरहेका छन् । यता पशुपतिनाथको जलहरी काण्ड पनि छानबिनकै क्रममा छ । ललिता निवास जग्गा काण्ड छानबिनका लागि भाटभटेनीका सञ्चालक मीनबहादुर गुरुङ पनि गिरफ्तार परेका छन् । अझै ठूलो माछाहरू समातिने खतरा बढेको छ । यसले धेरैको निदहराम भएको छ ।

यी परिदृश्यले भ्रष्टाचारमा संलग्न जोसुकैलाई वर्तमान सरकारले नछाड्ने सङ्कल्प लिएको देखिन्छ । राजनीतिक वृत्तमा ठूलै खैलाबैला आरम्भ भइसकेको छ । यी लगायत अन्य दर्जनौं फाइल खोल्ने सरकारको तयारी बुझ्न कठिन छैन ।

यस्तो वस्तुगत धरातलमा भ्रष्टाचारको फाइल खोल्ने सरकारलाई बेलैमा मर्मत गरियो भने फाइल पनि बेपत्ता वा ढिसमिस हुने कुरा उनीहरूले राम्ररी बुझेका छन् । कतिपय पार्टी र नेताहरूलाई यो पनि भय छ कि भोलि एकाएक आफ्नै नामको फाइल खोलियो भने हालत खराब हुन्छ । किनभने सरकारले नेपाली पानीको सबैभन्दा ठूलो माछालाई पनि नछाड्ने उद्घोष गरिसकेको छ ।

रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु वस्तुवादी हुन्छ भन्ने तथ्यलाई फदयङ्गम गर्दै वर्तमान सरकारलाई जति सक्दो छिटो ढाल्ने रणनीतिमा विपक्षीहरू रहेको विश्लेषण गर्न सकिन्छ । आफ्नो कमान्डमा नयाँ सरकार बनेपछि त फाइल आफ्नै अनुकूलता र प्रतिकूलतामा खोल्ने र बन्द गर्ने सहज परिस्थिति बन्नेछ । कारबाहीबाट बच्ने सबैभन्दा भरपर्दो उपाय भनेको तत्काल अर्को सरकार गठन नै हो ।

यस अतिरिक्त यो सरकारले केही जनपक्षीय काम पनि अघि बढाइरहेको छ । यसबाट पनि विपक्षीहरू अत्तालिएको हुनसक्ने विश्लेषण गरिँदै छ ।

*(साभार: रातोपाटी)*

# इजलाश बहिष्कार गर्दै कानुन व्यवसायी आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरको न्यायिक क्षेत्र उच्चअदालत पाटन, हेटौंडा इजलाश र जिल्ला अदालतमा आइतबार र सोमबार गरी दुईदिन दुईथरी आन्दोलनका कार्यक्रम भएका छन् ।

जिल्ला अदालत पाटनमा कार्यरत नायबसुब्बा र अधिवक्ता बीचको लफडा काठमाडौं हुँदै जिल्ला तहसम्म आइपुगेको छ । मकवानपुरमा आन्दोलनको प्रभाव अदालतका कर्मचारीदेखि कानुन व्यवसायीसम्मलाई परेको छ । सोमबार नेपाल बार एसोसिएसनको आह्वानमा सर्वोच्च बार एसोसिएसन सहित ललितपुर जिल्ला अदालत परिसरमा कानुन व्यवसायीहरु प्रदर्शनमा उत्रिएका थिए । हेटौंडाका कानुन व्यवसायीहरु पनि अधिवक्तालाई पक्राउ गरेको विरोधमा आन्दोलित भएका छन् ।

जिल्ला अदालत ललितपुरकी नासु प्रेमिका तामाङलाई अधिवक्ता अमिर लामिछानेले कुटपिट गरेको आरोपमा पक्राउ गरिएको घटनाले विवाद चर्काएको हो । हेटौंडास्थित



उच्चअदालत पाटन इजलाश र जिल्ला अदालत मकवानपुरमा कानुन व्यवसायीले इजलाश बहिष्कार गरेका हुन् । सोमबार कुनैपनि मुद्दामा बहस नगर्ने निर्णय गरी इजलाश बहिष्कार गरिएको कानुन व्यवसायी सुजन तिमल्सिनाले जानकारी दिए ।

मकवानपुरमा आइतबार न्यायालयका कर्मचारीले आन्दोलन स्वरुप पेन डाउन गरेका थिए । उच्चअदालत पाटन, हेटौंडा इजलास तथा मकवानपुर जिल्ला अदालतमा कार्यरत कर्मचारीद्वारा आइतबार पेन डाउन गरेका हुन् । आइतबार दिउँसो १:३० बजेसम्म पेन डाउन गरिएको हो । सर्वोच्च अदालत अन्तर्गतका कर्मचारी संगठनहरुले आह्वान गरेअनुसार देशभरका न्यायालयका कर्मचारीहरुले काम रोकेका थिए । आइतबार कर्मचारीले पेन डाउन गर्दा सोमबार कानुन व्यवसायीले इजलाश नै बहिष्कार गरे । यी दुवै प्रकारका आन्दोलनका कारण भने सेवाग्राही मारमा परेका छन् । अदालत परिसरमै भेटिएका सेवाग्राही गुनासो गर्दै थिए, ‘जिल्ला बाहिर कुटाकुट गर्छन् अर्कै व्यक्ति । दु:ख पाउनुपर्छ मकवानपुरमा । यसरी त देश कहाँ पुग्ला ?’,

# उदयपुरमा पनि बुढ्यौली साहित्य समाज

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ वृद्धावस्था केन्द्रित साहित्य लेखनलाई अघि बढाउने उद्देश्यका साथ उदयपुरका साहित्यकारको भेलाले ‘बुढ्यौली साहित्य समाज उदयपुर’ गठन गरेको छ ।

मकवानपुरका साहित्यकार तथा बुढ्यौली साहित्य समाजका उपाध्यक्ष रामचन्द्र आचार्य ‘फुर्सती’ र रमेशमोहन अधिकारीको उपस्थितिमा भएको भेलाले उदयपुरमा तदर्थ समिति गठन भएको हो । कार्यक्रममा उपस्थित साहित्यकारले आफ्नो बुढ्यौली अवस्था केन्द्रित र चनावाचन गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि फुर्सतीले ‘वृद्धवृद्धालाई एक्लोपनको अनभूति हुने भएकाले बुढ्यौली साहित्य समाजले उहाँहरुको आवाज बोल्न र एक्लोपन हटाउन सहयोग पुग्ने’ धारणा राखेका थिए । भेलाले एघार सदस्यीय समाजको कार्यसमिति गठन गरेको छ ।

साहित्यकार शारदाप्रसाद भट्टराईको अध्यक्षतामा गठन भएको कार्यसमितिमा सचिव उद्धव घिमिरे, कोषाध्यक्ष माधब पोखेल, सदस्यहरु केदारकुमार कार्की, भीम घासे, श्यामकर्ण राई, श्याम ढुँगाना, ऋषिकेश पोखरेल, कुमारी मास्के, सरिता पौडेल, सम्झना असफल चयन भएका छन् ।

मकवानपुरमा सर्वप्रथम गठन भएर देशभर संजाल बनाउने क्रममा अगाडि बढाएको बुढ्यौली साहित्य समाजको चितवन, भक्तपुर, रौतहट, महोत्तरी, सिन्धुली, ललितपुर, सर्लाहीलगायत जिल्लामा कार्यसमिति गठन भइसकेको छ ।

# मकवानपुरका आमेथले अन्तर्राष्ट्रिय फुटबल खेल्दै

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरका आमेथ रुम्बाले स्पेनमा मंगलबारदेखि सुरुहुने ३० औ दोनोस्टी कप अन्तराष्ट्रिय फुटबल प्रतियोगिता २०२३ मा खेल्ने अबसर पाएका छन् । स्पेनको दोनोस्टी सिटीमा आयोजना हुने नौ बर्ष मुनिका खेलाडीबीच हुने अन्डर नाईन खेलमा रुम्बाले सिडि ईन्टरनेशनल क्लबबाट खेल्ने मौका पाएका हुन् । उनी फरवार्ड प्लेयर पोजिसनका खेलाडी हुन् । सिडि ईन्टरनेशनल क्लबले रुम्बाको रनिङ, खेलको क्षमता र बलियो शरीर देखेका कारण क्लबमा छात्रबृत्ति दिएर प्रशिक्षण गराएको छ ।

उनको खेलक्षमताको आधारमा छोटो समयमै क्लबमा अनुबन्धित भएर दोनोस्टी कप इन्टर नेशनल फुटबल प्रतियोगितामा छनोट भएको उनका बुबा अशोक रुम्बाले बताए । बाबुको ईच्छा पनि फुटबलमै भएका कारण आफूले सोही क्षेत्रमा लगाएर अगाडि बढाएको रुम्बाले बताए । मंगलबार रुम्बाको



टिमले पेरिसको न्यु ओरल्यास क्लबसँग पहिलो खेल खेल्ने छ । दोनोस्टी सिटिको एलिना स्टेडियममा जुलाई ३ देखि ९ सम्म चल्ने प्रतियोगिता अन्तरगत मंगलबारको खेल नेपाली समय अनुसार साँझ आठ बजे सुरु हुने तालिका रहेको छ ।

प्रतियोगीतामा एसिया, अमेरिका, युरोप र अफ्रिका गरी २७ राष्ट्रका खेलाडीको सहभागिता रहने जनाइएको छ । आमेथ नेपाली, हिन्दी, अग्रेजी, स्पेनिष्ट र दोनोस्टीको बाईस भाषा समेत राम्रै बोल्ने गर्दछन् । मकवानपुरको मनहरी गाँउपालिकास्थित हाँडीखोला-३ पालदमार स्थायी घर भएका आमेथ बुबाको रोजगारी शिलशिलामा स्पेन बस्दै आएका छन् । उनी भबिष्यमा राम्रो अन्तर्राष्टिय खेलाडीका रुपमा छाउने पक्का छ । आमेथका बुबा अशोक सिनक्युकेसिन कराते गण्डकी प्रदेश संयोजक एवं पर्यटन व्यवसायी हुन् ।

# तरलता सहज हुँदा निरन्तर घट्दै अल्पकालीन ब्याजदर



काठमाडौं/अल्पकालीन ब्याजदर निरन्तर घट्दै गएको छ । २८ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ४.७३८८ प्रतिशतमा झरेको नेपाल राष्ट्र बैंकले जनाएको छ । सोमबार नेपाल राष्ट्र बैंकले ५ अर्बको नयाँ र करिब २४ अर्ब ६७ करोड बजार को ट्रेजरी बिल नवीकरणका लागि बोलकबोलमा ल्याएको छ ।

जसमध्ये २८ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ब्याजदर करिडोरको तल्लो सीमाबाट तल झरेको हो । मौद्रिक नीतिले ब्याजदर करिडोरको तल्लो सीमा अन्तरगतको निक्षेप संकलन दर ५ प्रतिशत कायम गरेको छ । अन्तरबैंक ब्याजदर ५ प्रतिशत भन्दा तल झरेपछि राष्ट्र बैंकले रिभर्स रिपो मार्फत तरलता खिच्ने गर्छ । तर, अहिले तरलता नखिचि ट्रेजरी बिलको बोलकबोल गर्दा त्यसले पनि ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट घटाएको हो ।

बैंकहरुमा अधिक तरलता भएर अन्तरबैंक ब्याजदर घट्दै जाँदा अल्पकालीन ब्याजदर पनि घट्दै गएको हो । गत ७ असार र १० असारमा गरेर राष्ट्र बैंकले ३० अर्ब रुपैयाँ तरलता बैंकिङ रिभर्स रिपो मार्फत प्रणालीबाट खिचेको थियो ।

१७ असारमा १० अर्बको रिपोको म्याद सकियो भने १७ असारमा २० अर्बको रिभर्स रिपोको पनि अवधि पूरा भएको छ । जसले गर्दा बैंकिङ प्रणालीमा अधिक तरलता भएको बेलामा बोलकबोल भएको ट्रेजरी बिलको डिस्काउन्ट रेट पनि घटेको हो ।

नेपाल सरकारले १ वर्ष भन्दा कम अवधिको आन्तरिक ऋृण उठाउन प्रयोग गर्ने उपकरण ट्रेजरी बिल हो । सोमबार २८ दिन अवधिको ८ अर्ब रुपैयाँ बराबरको ट्रेजरी बिल नवीकरणका लागि बोलकबोल भएको छ । जसको भारित औसत डिस्काउन्ट रेट ४.७३८८ प्रतिशत काय भएको राष्ट्र बैंकले जनाएको छ । उक्त ट्रेजरी बिलमा बैंकहरुले न्यूनतम ३.९८७६ प्रतिशत र अधिकतम ४.९९९५ प्रतिशतसम्म बोलकबोल गरेका हुन् ।

सोमबार नै ९१ दिन अवधिको ७ अर्ब ७५ करोड रुपैयाँको ट्रेजरी बिल नवीकरणका लागि बोलकबोल भएको छ । जसको भारित औसत डिस्काउन्ट रेट ६.०५६७ प्रतिशत कायभ भएको छ । नेपाल सरकारले सोमबार नै १८२ दिन अवधिको ट्रेजरी बिल बोलकबोल मार्फत ५ अर्ब रुपैयाँ आन्तरिक ऋृण परिचालन गरेको छ । जसको भारित औसत डिस्काउन्ट रेट ६.७१३० प्रतिशत कायम भएको छ ।

यस्तै सोमबार ३६४ दिन अवधिको करिब ८ अर्ब ९२ करोडको ट्रेजरी बिल नवीकरणका लागि बोलकबोल भएको छ । जसको भारित औसत डिस्काउन्ट रेट ७.०४५४ प्रतिशत कायम भएको छ ।

यसअघि ११ असारमा भएको बोलकबोलमा २८ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ५.६१२८ प्रतिशत थियो । यस्तै ९१ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ६.८०३० प्रतिशत, १८२ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ६.८९७१ प्रतिशत र ३६४ दिन अवधिको ट्रेजरी बिलको भारित औसत डिस्काउन्ट रेट ७.१९२२ प्रतिशत कायम भएको छ । गत साताको भन्दा यो साता चार वटै अवधिको ट्रेजरी बिलको डिस्काउन्ट रेट घटेको हो ।

# उपमहानगरका दुई वडामा गार्मेन्ट उद्योग सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा उपमहानगरका स्थानीय बासिन्दालाई आयआर्जनमा जोड्ने उद्देश्यसहित नगरको दुई वडामा गार्मेन्ट उद्योग सञ्चालनमा ल्याइएको छ ।

उपमहानगरपालिकाको लगानीमा हेटौंडा-५ र १८ मा उद्योग सञ्चालनमा आएको हो । दुवै वडामा सञ्चालन भएका उद्योगको उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी छन् । हेटौंडा-५ को हेटौंडा गार्मेन्ट समुह र १८ को हर्नामाडी स्वरोजगार महिला गार्मेन्ट उद्योगले व्यवस्थापन गर्नेछ । उद्योगको उद्घाटन गर्दै नगरप्रमुख लामाले दैनिक गुजाराका लागि नियमित आयआर्जन गर्न पहिलो चरणमा उपमहानगरले लगानी गरेको बताएकी छन् ।

गाउँघरमै रहेर नियमित आयसँगै सीपको निखारताको लागि यो सुनौंलो अवसर भएको उनको दाबी छ । उनले रोजगारीको अवसर प्राप्त भएको र यसलाई सदुपयोग गर्दै भोलिको भबिष्य सुन्दर बनाउन



शुभकामना दिइन् । गार्मेन्टमा पहिलो चरणको आधारभूत सिलाइ कटाई तालिम लिएकाहरुलाई थप तालिम दिँदै रोजगारीको अवसर उपमहानगरले दिएको हो । अहिले उपमहानगरले बीउपुँजी लगानी गरेर सुरुवात गरेको उद्योगलाई कार्यविधि बनाएर पछिल्लो समय निजी क्षेत्रमा हस्तातरण गरिने उपमहानगरका उद्योग तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेलले जानकारी दिए ।

उनका अनुसार अहिले पहिलो चरणमा आधारभूत सिलाई कटाइको तालिम दिएपछि गार्मेन्टमा आएका दुई वडामा ३१ जनाले रोजगारीको अवसर प्राप्त गर्ने बताए । हेटौंडा-५ का १० जना र १८ का २१ जना उपमहानगरले बीउपुँजी दिएर सञ्चालन गरेको उद्योगमा रहने छन् । दुई वडामा सञ्चालनमा आएको गार्मेन्टका लागि उपमहानगर पालिकाले करिब २० लाख रुपैयाँ लगानी गरेको पौडेलले जनाए ।

गार्मेन्टमा अहिले भएको संख्याबाट हरेक वर्ष १० जनाको दरले रोजगारमा लाग्नेहरु थप गर्नुपर्ने बताइएको छ । उपमहानगरले सञ्चालनमा ल्याएको हेटौंडा-५ गार्मेन्ट मेनुका श्रेष्ठ र १८ मनु भूजेलको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-५ का अध्यक्ष सुशील घिमिरे, १८ का अध्यक्ष अनिल बानियाँलगायतको आतिथ्यता रहेको थियो ।

# सडकको सास्तीले बढाउँदैछ हवाई यात्रु

काठमाडौं/काठमाडौंको ‘लाइफलाइन’ मानिने नारायणगढ-मुग्लिन सडक खण्डमा हरेक दिन दोहोरिने सास्तीका कारण यात्रुले विकल्पका रुपमा आकाशमार्ग रोज्न थालेका छन् ।

वायुसेवा कम्पनीहरुका अनुसार अहिले काठमाडौंबाट पोखरा र भरतपुर उडानमा यात्रुको चाप बढेको छ । यसो हुनुमा विस्तारको क्रममा रहेको पृथ्वी राजमार्ग र मुग्लिन-नारायणगढ सडकमा यात्रुले पाइरहेको सास्ती मुख्य कारण हो । पछिल्लो एक सातादेखि यो सडक खण्ड निरन्तर अवरुद्ध भइरहेको छ । यसले यात्रा असुरक्षित समेत बनेको छ ।

बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्र कर्णका अनुसार यी गन्तव्यमा अहिले ९० प्रतिशतभन्दा माथि सिट भरेर जहाज उडिरहेका छन् । बुद्धले पोखरामा दैनिक १५ वटा उडान गरिरहेको छ । चितवनको भरतपुरमा बुद्धको मात्र १० वटा दैनिक उडान रहेको छ ।

यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार पोखरा र भरतपुर उडानमा हवाई यात्रुको चाप धेरै नै बढेको छ । यसो हुनुमा असुरक्षित र अनिश्चित सडक यातायात मुख्य कारण रहेको उनले बताए । ‘पोखरा सदाबहार गन्तव्य हो, भरतपुरमा यात्रुको चाप धेरै नै छ,’ उनले भने, ‘यसो हुनुमा मुग्लिन-नारायणगढ सडक खण्डमा सडक यात्रुले पाएको सास्ती नै मुख्य कारण हो ।’

पृथ्वी राजमार्ग अन्तर्गत मुग्लिन-पोखरा सडक खण्डमा विस्तारको काम अहिले पनि जारी छ । दुई पांग्रे सवारी साधन चलाउनै मुस्किल भइरहेको यो सडक हुँदै काठमाडौं-पोखरा मात्र होइन, पोखराबाट पश्चिम पहाडी भेगमा जाने यात्रुले समेत यतिबेला विकल्पका रुपमा हवाईजहाजको प्रयोग बढाएका छन् । काठमाडौंबाट म्याग्दी, बागलुङ, पर्वत, स्याङ्जा जाने यात्रुले यो रुटमा जहाज बढी प्रयोग गर्छन् ।



### पश्चिम नेपालका लागि भैरहवामा चाप

अहिले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बुटवल-नारायणगढ सडक खण्ड समेत विस्तारको क्रममा छ । यो सडक विस्तारको काम सुरु भएको लामो समय बितिसक्दा समेत काम भने सम्पन्न भएको छैन । यसले पश्चिम नेपाल जाने धेरै यात्रुले विकल्पका रुपमा भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई प्रयोग गर्न थालेका छन् ।

बुद्ध एयरका सूचना अधिकारी कर्णका अनुसार नेपालमा पोखरा र भैरहवा यात्रु संख्याका दृष्टिकोणबाट बढी चल्ने विमानस्थलका रुपमा स्थापित बनिसकेका छन् । पश्चिम नेपालका तराई तथा पहाडी मुलुकमा जाने यात्रुले यो विमानस्थल बढी प्रयोग गरिरहेका छन् ।

पूर्वी नेपालमा विराटनगर हव विमानस्थल हो । पूर्वी नेपालमा भने सडक यातायातमा खासै समस्या नआएका कारण यात्रुको संख्यामा धेरै परिवर्तन नदेखिएको वायुसेवा कम्पनीहरुले जनाएका छन् । ‘विराटनगर पूर्वी नेपालको हव हो, यति एयरलाइन्सका प्रवक्ता बर्तौला भन्छन्, यहाँ यात्रुको संख्या निरन्तर उस्तै रहन्छ ।’

### पर्याप्त जहाजले सिटको समस्या भने छैन

वायुसेवा कम्पनीहरुका अनुसार अहिले पर्याप्त जहाज संख्याका कारण आन्तरिक उडानमा सिटको समस्या छैन । विगतमा सडक यातायातमा समस्या आउनासाथ हवाई टिकट समेत नपाउने समस्या रहेकोमा अब जहाज संख्याका कारण सिट नपाउने समस्या भने नरहेको यती एयरलाइन्सका प्रवक्ता बर्तौला बताउँछन् ।

वायुसेवा कम्पनीले धेरै यात्रु पाउने दशैं-तिहारमा समेत अब सिट नपाउने समस्या छैन,’ उनले भने, ‘यसो हुनुमा पर्याप्त सिट उपलब्ध हुनु नै हो ।’ आन्तरिकतर्फ तराईका हव विमानस्थलमा बुद्ध एयर, यती एयरसँगै सौर्य एयरलाइन्स र श्री एयरलाइन्सले नियमित उडान गरिरहेका छन् । पहाडी र हिमाली भेगका साना विमानस्थलमा नेपाल एयरलाइन्ससहित सिता एयर, तारा एयर र समिट एयरले नियमित उडान गरिरहेका छन् ।

### आईएफआर प्रणालीका कारण उडान रद्द हुने संख्या घट्दै

नेपालमा आन्तरिक उडानतर्फ हव विमानस्थलहरुलाई उपकरणमा आधारित उडान प्रणाली आईएफआर)मा स्तरोन्ती गरिएको छ । सुर्खेत र तुम्लिङटारबाहेक अन्य विमानस्थलमा यो प्रणाली जडान भएको छ । सोहीकारण पछिल्लो समय मौसमका कारण उडानहरु रद्द हुने क्रम घटिरहेको छ । साथमा रात्रिकालीन उडान समेत सम्भव भएको छ । यसले दैनिक निर्धारित सबै उडानहरु सम्पन्न गर्न सम्भव भइरहेको बुद्ध एयरका सूचना अधिकारी कर्णले बताए । ‘मौसमले केही डिले हुन सक्छ, उनले भने, ‘आजकल उडान रद्द नै हुने सम्भावना धेरै कम भइसकेको छ ।’

# घट्यो इन्धनको मूल्य

काठमाडौं/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । सोमबार साँझ एक विज्ञप्ति जारी गर्दै निगमले सोमबार राति १२ बजेटदेखि लागु हुने गरी मूल्य घटाएको हो ।

निगमका अनुसार पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गका लागि क्रमश: प्रतिलिटर ७.५० रुपैयाँ, ६ रुपैयाँ र ५ रुपैयाँले घटाइएको छ । यसअनुसार पेट्रोल भारतसँगको सीमावर्ती क्षेत्रमा प्रतिलिटर १६७ रुपैयाँ ५० पैसादेखि काठमाडौं पोखरा र दिपायल क्षेत्रमा १७० रुपैयाँसम्म कायम भएको छ । डिजेल र मट्टितेलमा १४७ रुपैयाँ ५० पैसादेखि १५० रुपैयाँसम्म मूल्य कायम भएको छ । यस्तो मूल्य निगमको डिपोबाट १५ किलोटरसम्मको क्षेत्रमा लागु हुन्छ । भारतीय आयल कर्पोरेसन लिमिटेडबाट १६ आसरमा प्राप्त भएको नयाँ खरिद मूल्यसूचीका आधारमा यस्तो निर्णय भएको हो ।

विभागले साविकको आन्तरिकतर्फको हवाई इन्धनमा प्रतिलिटर १४ रुपैयाँ तथा अन्तर्राष्ट्रिय तर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रति किलोलिटर अमेरिकी डलर ११५ ले कम गरिएको निगमले जनाएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

# गुरु पूर्णिमाको अबसरमा निवृत शिक्षकलाई सम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/नेपाल निवृत्त शिक्षक समाज मकवानपुरले संस्थामा आबद्ध सेवाबाट अवकाश भएका ज्येष्ठ गुरुहरुलाइ गुरु पूर्णिमाको अबसरमा सम्मान गरेको छ ।

संस्थाका अध्यक्ष शिवदयाल यादवको अध्यक्षता र राष्ट्रिय परीक्षा बोर्डका कार्यालय प्रमुख कृष्णप्रसाद घिमिरेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रमको संचालन नगर संयोजक शिवप्रसाद लामिछानेले गरेका थिए । गुरु पूर्णिमाको अबसरमा पाँच जना ज्येष्ठ गुरुहरुलाई सम्मान गरिएको थियो । देवप्रसाद श्रेष्ठ, बद्रीप्रसाद धिताल, शम्भुप्रसाद पौडेल, नवराज लम्साल तथा नेपाली भाषा शिक्षकको तर्फबाट धुव्रकुमार भुजेललाई शिक्षक रमेशमोहन अधिकारीद्वारा स्थापित ‘शिव-सावित्री निवृत्त भाषा शिक्षक सम्मान-२०८० बाट सम्मान गरिएको थियो ।

कार्यक्रममा नेपाल शिक्षक संघका अध्यक्ष गणेश हुमागाइं, नेपाल राष्ट्रिय शिक्षक समिति मकवानपुरका अध्यक्ष श्रीराम दाहाल, जिल्ला समन्वय समितिका सदस्य खड्गबहादुर पुलामी, कानुनी सल्लाहकार अरुणकुमार खतिवडाले मन्तव्य दिएका थिए । आगामी दिनमा शिक्षक पार्क निर्माण गर्न स्थानीय सरकार समक्ष अनुरोध गर्ने बारेमा कार्यक्रममा छलफल भएको थियो ।

साझाकुरा

“तपाईं, हामी सबैको कुरा”

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर ‘क’ वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# बजेट सच्याउने प्रतिबद्धतापछि प्रदेशसभाको गतिरोध टर्‍यो

निशा गुरुङ

हेटौंडा, १८ असार/१ असारमा बजेट ल्याएर पनि विपक्षी दलहरुको अवरोधका कारण बजेट माथिको छलफल हुन नसकेको बागमती प्रदेशसभाको गतिरोध तत्काललाई टरेको छ ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)को गबठन्धन सत्तापक्षले विपक्षी दललाई बजेट सच्याउने प्रतिबद्धता जनाएपछि सोमबारको बैठक सञ्चालन भएको हो । यसअघि तीन दिनसम्म विपक्षी दल नेकपा एमाले र राप्रपाले सदन अवरुद्ध गर्दा बजेटको छलफल अन्यौलमा परेको थियो । बजेट सच्याउँदै जिल्लागत रुपमा समावेशी बजेट व्यवस्थापन र सहकार्य तथा समन्वय गर्दै अघि बढ्ने प्रतिबद्धता सहित सोमबार सत्तापक्ष र प्रतिपक्षबीचको छलफल सकारात्मक बनेपछि प्रदेशसभाको अवरोध हटेको हो ।




सरकारले विपक्षीको योजना समेट्न तयार भएको जनाइएको छ । विपक्षी दल एमाले र राप्रपाले १२ असार, १३ असार र १७ असारमा बैठक अवरुद्ध गरेका थिए । यसअघि सत्तापक्ष र विपक्षीबीच भएको वार्तामा सहमति हुन सकेको थिएन । सोमबार भएको वार्ताबाट सहमति जुटेसँगै प्रदेश सभाको अवरोध हटेको हो । बागमती प्रदेशसभाको अपरान्ह बसेको बैठकमा सरकारद्वारा सार्वजनिक गरिएको विनियोजित बजेटमाथि छलफल भएको छ । प्रदेश सरकारले ल्याएको विनियोजित बजेटमाथि छलफल गर्न बिहान ११ बजे बोलाइएको प्रदेशसभा साढे ३ घण्टा ढिला गरी साढे २ बजेबाट सुरु गरिएको थियो ।

उक्त बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री बहादुरसिं लामाले बजेटमाथिको छलफलको क्रममा प्रदेशसभाका सदस्यहरुले उठाएका प्रश्नहरुको उत्तर दिएका थिए । मन्त्री लामाले सरकारले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ल्याएको बजेटलाई सन्तुलित र समानुपातिक एवम् व्यवहारिक रुपमा कार्यान्वयन गर्दै लैजानेतर्फ सरकार गम्भीर रहेको बताए । उनले बजेट प्रस्तुतको क्रममा केही कमिकमजोरी र अव्यवहारिक पक्षलाई आत्मसमिक्षा गरेर प्रतिपक्ष दलहरुले उठाएको मागहरुलाई सरकारले गम्भीरतापूर्वक लिएको र केही समयभित्रै उल्लेखित माग गरिएको योजनालाई बजेटको कितावमा समावेश गरिने दृढता व्यक्त गरे ।

मन्त्री लामाले बजेटले आगामी वर्षमा कृषिको उत्पादन गर्न, गुणस्तरीय शिक्षाको विकास र स्वास्थ्य उपचार सेवालाई गुणात्मक रुपमा प्रदेशको हरेक अस्पताललाई स्तरोन्नती गरी अगाडि बढाउने प्रयास गर्ने उल्लेख गरे । उनले प्रदेशको राष्ट्रिय गौरवको आयोजना एवम् विपन्न जनतालाई आर्थिक आत्मनिर्भर तुल्याउने र भौतिक पूर्वाधारको विकासलाई सहजीकरण गरी सबैलाई सम्मान व्यवहारका साथ योजनाको बाँडफाड गरी कार्यान्वयन गर्दै लैजाने सरकारको लक्ष्य रहेको स्पष्ट पारे । मन्त्री लामाले सोमबर नै प्रमुख प्रतिदल दल नेकपा एमाले, प्रतिपक्ष दल राप्रपा र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)सँग मुख्यमन्त्री र आफू बसेर बजेटको विभेद् हटाएर थप योजनाहरु समावेश गरी क्रमिक रुपमा प्रदेशमा कार्यान्वयन गर्दै लैजाने सहमतिका साथ संसद अवरोध टुंगिएको बताए ।

बैठकमा नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलियाले देश सरकारद्वारा ल्याएको विनियोजित बजेट विभेदकारी, अव्यवहारिक र राजनीतिक स्वार्थको लागि ल्याइएकोले तीनदेखि संसद्लाई अवरुद्ध गर्नु बाध्यता परेको बताए । उनले प्रतिपक्षहरुले उठाएका योजनालाई क्रमश: सरकारले बजेट पुस्तिकामा समावेश गरी कार्यान्वयन गर्दै लैजाने विश्वास गरी प्रदेश सरकार र प्रतिपक्ष दलसँग सहमति भएको उल्लेख गरे । सदनमा माफि माग्दै सदन अवरुद्ध गर्नेकुनै रहर नभएको भएपनि अन्यायनपूर्ण विवेधकारी बजेट भएर प्रजातन्त्रको प्रक्रियालाई समातेको बताए ।

राप्रपा संसदीय दलका नेता उद्धव थापाले संसदलाई नियमित संचालन गरी बजेटलाई पारित गर्नुपर्ने अवस्थामा बाध्यतावस् बजेट वक्तव्यमा विभेदकारी देखिएको बताउँदै विभेदलाई पुन: संशोधन गरी आवश्यकता अनुसार कार्यान्वयन गर्दै लैजाने सरकारसँग सहमति भएको बताए । उनले सरकारले पनि सोही सहमति अनुसार, कार्यान्वयन पक्षलाई दरिलो बनाउनुपर्नेमा जोड दिए ।

नेमकिपाकी सांसद सृजना सैजूले सरकारले ल्याएको बजेटलाई सन्तुलित र परिपक्क ढंगबाट सार्वजनिक हुन नसकेकोमा चिन्ता व्यक्त गर्दै प्रदेश सरकारले जनताप्रति जिम्मेवार हुनुपर्ने अवस्थामा दलगत स्वार्थको लागि मात्रै उपयोग गरिएको आरोप लगाइन् ।

प्रदेशसभा बैठकमा आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र सो बैठकमा प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री लामाले उक्त विधेयक पेस गरेका हुन् । मन्त्री लामाले विधेयक पेस गरेसँगै प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले प्रदेशसभाको अर्को बैठक आज मंगलबार १९ असार अपरान्ह ३ बजेसम्मका लागि स्थगित गरेक छन् ।

# बालश्रम निवारणमा स्थानीय तहको भूमिका विषयक अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौडा उपमहानगरपालिकालाई बालश्रममुक्त बनाउने उद्धेश्यले बालमैत्री स्थानीय शासन नगर समितिसँग बालश्रम निबारणको लागी स्थानीय तहको भूमिका बिषयक अर्न्तक्रिया सम्पन्न भएको छ ।

हेटौडा उपमहानगर पालिका र बालकल्याण समाज, मकबानपुरको संयुक्त आयोजना, स्वातन्त्रता अभियान र राष्ट्रिय बालसंरक्षण संजाल नेपालको समन्वय र सहकार्य तथा ग्लोबल मार्चको सहयोगमा संचालित कार्यक्रमको सभाध्यक्षता हेटौडा उपमहानगर पालिकाको उपमेयर राजेश बानियाँले गरेका थिए । कार्यक्रममा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यबिधि २०७७ को बारेमा कार्यपत्र प्रस्तुत श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको उपसचिब अम्बिका प्रसाद अधिकारीले, बालश्रम अन्त्यका लागि यसअघि भएका प्रयासको बारेमा बालकल्याण समाजको अध्यक्ष एबं राष्ट्रिय बालसंरक्षण संजालको केन्द्रीय अध्यक्ष प्रकाश खतिवडाले र बालमैत्री स्थानीय शासन घोषणाका लागि भएका क्रियाकलापको बारेमा हेटौडा उपमहानगरपालिकाको महिला तथा बालबालिका महाशाखाप्रमुख बिष्णुकुमारी लामीछानेले प्रस्तुतिकरण गरेका थियो ।

नगरउपप्रमुख राजेश बानियाले हेटौडा उपमहानगर पालिकाले बालश्रममुक्त बालमैत्री नगर घोषणा गर्ने अभियानमा साथ दिने संघसस्थालाई धन्यबाद दिंदै बालमैत्री स्थानीय शासन नगर समितिले सबै ५१ बटा सूचक केलाएर ठोस कार्य गर्ने बेला आएको बताऐ । बालश्रम अन्त्यको लागि तयार भएको कार्ययोजना अनुरुपको कार्य सबैको समन्वय र सहकार्यमा गर्न आफू कटिबद्ध रहेको बताए ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिब अधिकारीले नेपालको मौजुदा बालबालिकाको अबस्था र बालश्रमको अबस्थाको चित्रण, दिगो विकासमा बालश्रमको लक्ष, बालश्रममुक्त समाज निर्माणको लागि नेपाल सरकारको विद्यमान नीति, बालश्रममुक्त स्थानीय तह घोषणा किन ?, बालश्रममुक्त घोषणा कार्यबिधि २०७७ को उद्धेश्य , यस्मा भएका लक्षित समूह र सूचकको बारेमा बताउँदै पालिकाको आगामी कार्ययोजना बनाउन सहजिकरण गरेको थियो ।

बालश्रममुक्त बालमैत्री पालिका घोषणा गर्न पालिकाले लगानी योजना बनाउन आबश्यक रहेको बताउँदै बाल कल्याण समाजका अध्यक्ष खतिवडाले घोषणापश्चात पनि दिगोपनको लागि लगानी कार्ययोजना नभए पुन बालश्रमिक देखिन सक्ने बारे बताए ।

बालमैत्री स्थानीय शासन नगर समितिले हेटौडा उपमहानगर पालिकाको बालश्रममुक्त गर्नको लागि कार्ययोजना बनाएकोमा अब यस बमोजिम कार्य गर्ने र यसको लागि सबै महाशाखा र बडाअध्यक्षको साथ र सहयोग आबश्यक रहेका बारे महिला तथा बालबालिका महाशाखाप्रमुख बिष्णुकुमारी लामीछानेले बताइन् ।

कार्यक्रममा बडाअध्यक्ष सबिन न्यौपाने, फुर्वा दोर्जेलामा, संस्थागत विद्यालय प्रतिनिधि बिनोद सुबेदी, पत्रकार अशिष दुलाल, कार्यपालिका सदस्य साधना श्रेष्ठ लगायतले समाजमा ठुला भनिएका ब्यक्तिले नै बालश्रमको पक्षपोषण गरेको मा दुखेसो ब्यक्त गर्दै बालश्रम अन्त्य संभब छ तर, कठिन भएकोले कार्ययोजना अनुरुपको कार्यको लागि सहकार्यको आबश्यक रहेको बताए ।

# राक्सिराङमा सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठा

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिका-३ पलाँसेमा रहेको सीता अशोक बाटिकामा भगवान सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठा गरिएको छ । बागमती प्रदेशका प्रदेशप्रमुख यादवचन्द्र शर्माको प्रमुख आतिथ्यतामा गुरु पूर्णिमाको अवसर मा धार्मिक समारोहका बीच सीता र त्रिजटाको मूर्ति प्राणप्रतिष्ठा गरिएको हो ।

मूर्ति प्राणप्रतिष्ठामा प्रदेशप्रमुख शर्माले धार्मिक पर्यटक आकर्षणको दृष्टिले अन्तयन्तै राम्रो स्थान भएकाले यसको विकास गर्दै लैजानुपर्नेमा जोड दिए । यहाँका सबैले गर्व गर्ने विषय भएको छ, उनले भने-'एउटा पर्यटकीय स्थलको सुरुवात भएको छ, यसलाई अगाडि बढाउनु सबैको दायित्व हो ।' धार्मिक पर्यटकीयस्थलको रुपमा विकास गर्न आवश्यक राज्यस्तरको केन्द्र, प्रदेश र स्थानीयतह सबैको सहयोगको जरुरी रहेको बताए ।

कार्यक्रममा जानकी मन्दिर जनकपुरबाट प्राप्त फूलमाला, पाती, प्रसादका साथै दूधमती नदीबाट ल्याइएको जल शेचन गंगासागार आरती गर्ने पण्डित दिनेश भण्डारीले आरती गरेका थिए । सीता अशोक बाटिकाको संरक्षण, सम्बर्द्धन गरी धार्मिक पर्यटनलाई टेवा दिनका निम्ति सीता अशोक बाटिकामा भगवान सीता र अपहरणकालमा राक्षस बर्गबाट उनलाई रेखदेख गर्न राखिएकी त्रिजटाको मूर्ति स्थापना गरिएको डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख बिष्णु प्रसाद आचार्यले जानकारी दिए ।

वन जोगाउनु भनेको केही रुख विरुवा र जनावर जोगाउनु मात्र नभई इतिहास, सभ्यता र संस्कृतिका साथसाथै समृद्धि जोगाउनु हो भन्ने तथ्यलाई मनन गर्दै उक्त स्थानलाई प्रकृति र संस्कृतिको संगम स्थलको एक अंशका रुपमा विकास गरिने प्रतिवद्धता समेत उनले जनाए । करिव एक सय वर्ष पुरानो इतिहास रहेको अशोक बाटिकालाई प्राकृतिक र धार्मिक दुबै तवरबाट संरक्षणको निम्ति राप्ती डिभिजन वन र भन्याङकालिका सामुदायिक वनको सहकार्यमा गतवर्ष प्रदेश सरकारको पर्यापर्यटन कार्यक्रम अन्तर्गत रु ५ लाख बजेटमा वरपर सरसफाई, पर्खाल निर्माण, धारामाथिको असोकमा चौतारा निर्माण भएको थियो ।

यसवर्ष संघीय सशर्ततर्फ रु १० लाखको बजेटमा अपुरो पर्खाल निर्माण, सरसफाई, २ वटा मूर्ती निर्माण, स्थापना र ५ वटा गौमुख धाराको निर्माण गरिएको उनले बताए । डिभिजन वन कार्यालय राप्ती मनहरी मकवानपुरको आयोजनामा भएको कार्यक्रम राक्सिराङ गाउँपालिकाले समन्वय तथा भन्याङकालिका सामुदायिक वन उपभोक्ता समूहको व्यवस्थापनमा भएको थियो ।

कार्यालयले असोकलाई संरक्षण गर्दै हजारौं अशोकको रोपण गरेर अशोकको अध्ययन र बीउ संकलन केन्द्रको रुपमा स्थापति गर्ने अभियानमा लागिपरेको उनले बताए । कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, डिभिजन वन अधिकृत शिव सापकोटा, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गतौला, 'क्लिन जनकपुर, ग्रिन जनकपुर,' गंगासागर सफाइ अभियन्ता सुरेश शर्मा, मिथिला वाईल्डलाईफ ट्रष्टका अध्यक्ष देवनारायण मण्डल, दूधमती नदी संरक्षणका अभियन्ता सुदिप मण्डललगायत उपस्थित थिए ।

# तीन महिने ढाका बुनाई तालिमको समापन



साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोबर गाउँपालिकामा तीन महिने ढाका बुनाई सीप विकास तालिमको समापन गरिएको छ ।

स्थानीय महिलालाई स्वरोजगार बनाउन दिइएको तालिम आइतबार गाउँपालिका उपाध्यक्ष उमाकुमारी लामाले समापन गरेकी हुन् । गाउँघरमै कृषि र गृहणी काम गर्दै आएका ६ जना महिलाको समूहलाई गाउँपालिकाले २ नम्बर वडास्थित भालुखर्कमा गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत् तीन महिनासम्म ढाकाको कपडा बनाउन सिकाएको हो । तालिम पश्चात उपाध्यक्ष प्रविधि हस्तान्तरण कार्यक्रमअन्तर्गत् महिलालाई कपडा बुन्ने तान सहयोग गरिएको छ ।

३ महिनासम्म निरन्तर प्रतिव्यक्ति ४७ हजार खर्च गरेर ढाकाको कपडा बुनाई सीप सिकाएर स्थानीय महिलालाई व्यवसायिक बन्न आइतबार १ लाख ४७ हजारको तीन वटा तान (कपडा बुन्ने मेसिन) उपलब्ध गराइएको उपाध्यक्ष लामाले जानकारी दिइन् । 'महिलालाई स्वरोजगार बनाउन भनेर तालिम मात्रै दिएर पुग्दैन । प्रविधि पनि सहयोग गर्नुपर्छ भनेर तान दिएका हौं । सीप र मेसिन भएपछि उहाँहरुले अब कपडा बुनेर व्यवसायिक बन्न सक्नुहुन्छ ।,' लामाले भनिन् ।

समूहले उत्पादन गरेको ढाकाको कपडा बजारिकरणका लागि गाउँपालिकाले नै सहयोग गर्ने उपाध्यक्ष लामाको भनाई छ । महिलाले तीन महिनासम्म तालिम सिकेर ढाकाको चोली, गलबन्दी, मफलर, कुर्ता, सुरुवाल, सललगायतका थुप्रै प्रकारका कपडा तयार पार्न सक्ने भएका छन् । 'अब उहाँहरुलाई सीप भन्दा पनि बजारिकरणको आवश्यकता छ । हेटौंडादेखि काठमाडौंसम्म उत्पादित कपडा बिक्रीका लागि गाउँपालिका र अन्य निकायसँग समन्वय र सहकार्य गर्छौं ।', लामाले भनिन् । उत्पादित कपडाको फिनिसिङ पनि धेरै राम्रो आएको उनले बताइन् ।

लामाले ६ जना महिलालाई मात्र नभई स्वरोजगार बन्न चाहने गाउँका महिलालाई सीप र प्रविधि सहयोग गर्न 'उपाध्यक्ष प्रविधि हस्तान्तरण कार्यक्रम' कार्यान्वयनमा ल्याएकी हुन् । महिलाले तालिम लिए सीप सिकेता पनि प्रविधि नहुँदा व्यवसाय सञ्चालन गर्न नसकेको देखेपछि उक्त कार्यक्रम कार्यान्वयनमा ल्याएको उपाध्यक्ष लामाको भनाई छ । इन्द्रसरोबर गाउँपालिकाले तालिमलाई व्यवहारमा लागू गर्नका लागि एउटा नियम पनि बनाएको छ । स्वरोजगार बनाउने उद्देश्यले गरेको लगानी व्यवहारमा नदेखिए लगानी फिर्ता लिनेसम्मको नीति अपनाउने उपाध्यक्ष लामा बताउँछिन् । ढाका बुनाई तालिममा सीताकुमारी किडरिङले प्रशिक्षण दिएकी थिइन् ।

# हेटौंडा एकेडेमीमा गुरु पूर्णिमामा गुरुसम्मान

साझाकुरा संवाददाता

हेटौंडा, १८ असार/ हेटौंडा-११ स्थित हेटौंडा एकेडेमी आवासीय विद्यालयमा गुरु पूर्णिमाको अवसरमा सोमबार विशेष कार्यक्रम सहित गुरुसम्मान तथा साँस्कृतिक कार्यक्रम आयोजना गरिएको छ ।

विद्यालय क्याप्टेन निङ्मा लामाको सभाध्यक्षता तथा विद्यालयका शिक्षक अभिभावक संघका अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । हेटौंडा एकेडेमी सोसल क्लबको आयोजनामा भएको कार्यक्रममा बोल्दै प्रमुख अतिथि न्यौपानेले समाजमा नकारात्मक सोचका व्यक्तिहरुको संख्या बृद्धि भइरहेको भन्दै सकारात्मक सोचसहितको जनशक्ति उत्पादन अबको आवश्यकता भएको बताए । उनले विद्यालयमा संस्कारयुक्त शिक्षाको आवश्यकता रहेको भन्दै त्यसतर्फ हेटौंडा एकेडेमी दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिए ।




हेटौंडा एकेडेमीका प्रमुख प्रशासकीय अधिकृत रमेश रिमालले विद्यालयलाई संस्कारयुक्त शिक्षा दिन वार्षिक शैक्षिक पात्रो नै तयार गरेर सबैखाले अतिरिक्त क्रियाकलाप गराउँदै विद्यालय अगाडि बढेको बताए । विद्यालयका प्रधानाध्यापक गौरीदेवी चिमरियाले विद्यार्थीको शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा क्षमता अभिबृद्धि गर्न विद्यालय दत्तचित्त भएर लागेको बताए ।

विद्यालयमा रहेका ५० जना सक्रिय शिक्षकसहित ८० जना गुरुहरुलाई विद्यार्थीहरुले खादा ओढाएर मायाको चिनो प्रदान गरेर सम्मान गरेका थिए । कार्यक्रममा बालमैत्री स्थानीय शासनको लागि गठित विद्यालयस्तरीय बालक्लबका अध्यक्ष सुरज चौरसियालगायतको आतिथ्यता रहेको थियो ।

## शिक्षक आवश्यकता

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको मिति २०८०/०३/१७, च.नं. १६४१ को शिक्षक पदपूर्ति अनुमतिपत्र र यस विद्यालयको मिति २०८०/०३/१८ गतेको वि.व्य.स. बैठकको निर्णय अनुसार तपशिल बमोजिमको शिक्षक पदपूर्तिको लागि इच्छुक योग्य उम्मेद्वारहरुमा दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
विज्ञापन नं. : ०१/२०७९/०८०
विषय : सामाजिक
तह : नि.मा.वि.राहत (अस्थायी करार)
शैक्षिक योग्यता : १०+२ तह वा सो भन्दा माथिल्लो तह उतीर्ण
परीक्षा किसिम : लिखित र अन्तरवार्ता
दरखास्त दस्तुर : रु.१५००।- (अक्षरेपि एक हजार पाँच सय )
दरखास्त दिने अन्तिम मिति : २०८०/०४/०२ गते
सम्पर्क मिति : २०५०/०४/०४गते
परीक्षा मिति : सम्पर्क मितिको दिन नै तोकिने छ ।

**आवश्यक कागजातहरु :**
- हस्तलिखित निवेदन १ प्रति ।
- शैक्षिक योग्यताको प्रमाणपत्र २ प्रति
- नागरिकताको प्रमाणपत्र २ प्रति
- स्थायी अध्यापन अनुमतिपत्रको २ प्रति

**नोट :** शिक्षक सेवा आयोगको करार सूचिमा परेका उम्मेद्वारको हकमा योग्यताक्रमको आधारमा विज्ञापन भएको ७ दिन भित्र निवेदन पर्न आएमा मात्र नियुक्ती गरिनेछ अन्यथा खुल्ला उम्मेद्वारको लागि शिक्षा नियमावली २०५९ (संशोधन सहितको प्रकृया पूरा गरी नियुक्ती गरिनेछ ।

**सम्मर्क नं.: ९८५५०३०१४२, ९८६५०१३०३०, ९८५५०५८२३८**

प्रधानाध्यापक: शम्भु विक्रम लामा

**श्री विष्णु ज्योति आधारभूत विद्यालय**
हेटौंडा उपमहानगरपालिका-१२, भोर्ले, मकवानपुर

## गोदामघर भाडामा चाहियो

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

## यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।

## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना